नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

फोन { ४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :-०७५/७६
चलानी नं:१३४२

मिति :- २०७५।९।१७

**विषयः- पत्र Website मा राखिदिने सम्बन्धमा ।**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू**
मा सबै महानगर/उपमहानगर/नगर/गाउँपालिकाका कार्यालयहरु ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४३६० प.सं. ०७५/७६ मिति २०७५/९/१७ को प्राप्त पत्रमा सबै स्थानीय तहका प्रमुख प्रशाकिय अधिकृत लाई सम्बोधन गरी लेखिएको **एक नेपाली एक फलफुलका बिरुवा रोपान अभियान सम्बन्धिको विषयको** पत्र यसै साथ संलग्न छ । सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा,: मंत्रालयको Website माअपलोड गरिदिनु हुन ।
सिंहदरबार ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ०७५/७६
च.नं. :- ४५६०

मिति २०७५।०९।१७

विषय: पत्र Website मा राखिदिने सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाडौं ।

यस कार्यालयको च.नं.४३४४ मिति २०७५/०९/१५ को सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरी लेखिएको एक नेपाली एक फलफूलका विरुवा रोपण अभियानसम्बन्धी विषयको पत्र यसै साथ संलग्न छ । तहाँ मन्त्रालयको website मा सबै महानगर/उपमहानगर/नगर/गाउँपालिकालाई जानकारी हुने गरी राखिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(झविन्द्र प्रसाद पाण्डेय)
शाखा अधिकृत

श्रीमान्,
~~यसै~~ ~~~~ ~~मन्त्रालयको~~ website मा राख्न निर्णयार्थ पेश गर्दछु ।

२०७५।९।१८

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- ०७५-७६/४३४४

मिति २०७५।०९।१५

विषयः <u>एक नेपाली एक फलफुल विरुवा रोपण अभियान सम्बन्धमा।</u>

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सबै महानगर/उपमहानगर/नगर/गाउँपालिका ।**

सम्माननीय प्रधानमन्त्रीज्यूबाट विश्व वातावरण दिवस जून ५,२०१८ को अवसरमा सिंहदरबार परिसरमा फलफूलका विरुवा रोपण गरी शुभारम्भ गर्नु भएको **एक नेपाली एक फलफूलको विरुवा रोपण अभियान**लाई वर्षैभरि सञ्चालन गरी नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने उद्घोष गर्नुभएबमोजिम देशभर हालसम्म फलफूलका विरुवा २३,१६,७३९ र अन्य विरुवा ५,७४,१८० गरी जम्मा २८,९०,९१९ वटा विरुवा रोपण भएको व्यहोरा अनुरोध छ ।

यस अभियानअन्तर्गत तहाँ क्षेत्रमा विभिन्न प्रजातिका फलफूलका विरुवाहरु रोपण गर्ने कार्यमा संलग्न महानुभावहरुको उत्साहजनक सहभागिताका लागि सम्माननीय प्रधानमन्त्रीज्यूले धन्यवाद व्यक्त गर्नु भएको छ ।

यस अभियानलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिई रोपिएका विरुवाहरुको उचित संरक्षण गर्दै पालिकाको वार्षिक वजेट तथा कार्यक्रममा यस कार्यक्रमलाई समावेश गरी वार्षिक कार्यक्रमको अभिन्न अङ्ग बनाउनु हुन निर्देशानुसार अनुरोध छ । तहाँ क्षेत्रमा खाली रहेको जमिनको अधिकतम् सदुपयोग गर्न नागरिकहरुलाई उत्प्रेरित गराउँदै मौसम एवं भौगोलिक अनुकुलता अनुसारका फलफूलका विरुवाहरु आधुनिक प्रविधिको प्रयोग गरी व्यवसायिक रुपमा रोपण गरी फलफूलमा आत्मनिर्भर बनाउने कार्यमा जोड दिइ **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुऱ्याउनु हुन समेत अनुरोध छ । साथै गैरसरकारी निकायहरु समेतको संलग्नतामा यस वर्षको हिउँदयाममा रोपिएका/रोपिने फलफूलका विरुवाहरुको प्रजातिगत विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत् (Soft Copy समेत) यस कार्यालयमा उपलब्ध गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

**<u>विवरण पठाउने ढाँचाः</u>**

| क्र.सं. | फलफूलका विरुवाको नाम र जात | रोपिएका विरुवा संख्या | कैफियत |
|---|---|---|---|
| | | | |

(बिनोद बहादुर कुँवर)
सहसचिव

**<u>बोधार्थः</u>**
श्री प्रधानमन्त्रीको निजी सचिवालय, सिंहदरबार ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np